CC-0. Digitized by eGangotri and MIDF- Delhi

पण्डित रामेश्वर भट्टराई.

त्रिंशत्-श्लोकी

दश-श्लोकी समेत

नागेश-भट्ट र कृष्ण-जोशी

रचित

पण्डित देवी-दत्त पराजुलीबाट

अनु-वादित

विद्याविलास प्रेस, धनारम्स सिरी भा

मुद्रित ।

द्वितीय भाग १०००] [सं० २,१०

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

annath Bhattarai Collection. Nagarjun-7, Kathmandu, N

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाश

प्रियमहाशय !

यस संसारमा जन्मनु र मर्नु बराबर चलिआएको छ जन्मदा सूतक, मर्दा जुठो बार्नु हामी सनातनधर्मावलम्बीलाई अत्यन्त आवश्यक छ ।

सो जुठो, सूतक बार्नु पन दिन शास्त्र न भई ठिक थाहा न हुने, थाहा गराउने शास्त्रको काम, सो शास्त्र संस्कृतमा, संस्कृत पठितलाई मात्र काम लाग्ने, जुठो, सूतक बार्नु पठित, अपठित दुवैथरीलाई पर्ने हुनाले मूलश्लोक संस्कृतको टीका हाम्रो नेपाली भाषामा बनाई यो नागोजीभट्टले बनाएको त्रिंशत्श्लोकी र कृष्णशास्त्रीले बनाएको दशश्लोकी समेत प्रेसमा छपाई प्रकाश गरेकोथिएं ।

विषय खोज्न सजिलो गराउन आदिमा विषयसूची, हाम्रो व्यवहारमा चले को सारांश र शास्त्र लोकमा फरक भएको पनी कोष्टकभित्र दिएकोछु ।

यो ग्रन्थ कति पुरानो हो, यो ग्रन्थ बनाउने नागोजीको योग्यता कति संमको रहेछ, यो सबै थाहा गराउन यिनको केही बयान पनी लेखी प्रकट गरेकोछु ।

यो त्रिंशत्श्लोकी ग्रन्थका केही श्लोक धर्मशास्त्रको शिरोमणि भएको निर्णय-सिन्धुको आशौच प्रकरणमा "प्रेतेष्वाचार्यमातामहद्वहितृसुते ७-८-९, वानप्रस्थे यतौ चोपरमति कुलजे ५ भन्ने संग्रह गरेको हुनाले यसबाट हामीलाई व्यवहार गर्न केही हानि छैन ।

नागोजीभट्टको जन्मकाल १७ सय विक्रम संवत्मा बुझिन्छ । किन भने जयसिंह नामका सवाई जयपुरका महाराजले संवत् १७७० मा अश्वमेध यज्ञ गर्दा यज्ञमा नागोजीभट्टलाई निम्ता पठाउदा "मैले अहिले काशीमा क्षेत्र संन्यास लिएकोछू यस वखतमा म आउन शक्तिन" भनी जवाब दिएको कुरो त्रिमुनिकल्पतरु ग्रन्थमा लेखिएको स्पष्टै छ ।

यी सिद्धान्तकौमुदी बनाउने भट्टोजी दीक्षित भन्दा अन्दाजी ४० वर्षपछिका हुन्, यी भट्टोजीदीक्षितका चेलाका चेला हुन् । यिनको शास्त्रविषयको योग्यता हामीजस्ताले बयान गरी शकिदैन ।

यी शृङ्गवेर पुरका रामराजा काँहाका पण्डित थिए, यो कुरो 'रामतो लब्ध-जीविकः' भनी आफैले बनाएका तत्तत् ग्रन्थमा लेखेका छन्, यी आमा सतीदेवीको गर्भ चिरेर निकालिएका हुन् भन्ने प्रसिद्धि छ, 'सतीगर्भजः' भनी आफूले पनी ठाँउ २ मा लेखेका छन् ।

annath Bhattarai Collection. Nagarjun-7, Kathmandu, N

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रसमञ्जरीटीका १ लघुमञ्जूषा १ परमलघमञ्जूषा १ वेदान्तसूत्रवृत्ति १ सांख्यसूत्रवृत्ति १ लघुशब्दरत्न १ काव्यप्रकाशकोउद्योतटीका १ परमार्थसारविवरण १ रसतरङ्गिणीटीका १ रसगङ्गाधरमर्मप्रकाश १ बृहच्छब्देन्दुशेखर १ लघुशब्देन्दुशेखर १ प्रायश्चित्तेन्दुशेखर ९ बृहन्मञ्जूषा १ भाष्यको प्रदीपोद्योतटीका १ योगसूत्रवृत्ति १ सापिण्डय निर्णय १ बृहच्छब्दरत्न १ परिभाषेन्दुशेखर १ सप्तशतीको टीका १ त्रिंशत्श्लोकी १

यस्ता २ ग्रन्थ बनाउने पदवाक्यप्रमाणपारावारीण सर्वतन्त्रस्वतन्त्र महामहोपाध्याय **नागोजीभट्टको** योग्यता तपाईहरुनै जान्नुहोस्।

यस्तो अगाध पाण्डित्य भएका विद्वान्ले बनाएका धर्मशास्त्रका ग्रन्थको व्याख्यान गर्नु सहजको काम होइन, खालीं गुरुजनका चरणकृपाले मात्र उत्साह गरी काम गरेको हुं, पाण्डित्यले होइन।

दशश्लोकी पनी शाके १७०९ मा बनेको भन्ने तिनैग्रन्थकर्ताले ग्रन्थको अन्त्यमा लेखेका छन्। यो ग्रन्थ पनो १४७ वर्षको पुरानो भन्न सहजै शकियो।

अनमोल यस्ता २ ग्रन्थको भाषाटीका पनो १९७३ साल मार्ग ५ गते रोज १ मा बनाई तयार गरेको थिएँ, छपाई प्रकाश गर्न अनुकूल नपरेको हुनाले ७७ सम्म त्यसैरहेको थियो।

७८ सालमा **भगवती** प्रेसमा छपाई प्रकाशगरी महानुभावहरूका सेवामा हाजिर गरेकोथिएं।

व्यवहारमा ठुलो काम दिने ग्रन्थ हुनाले महानुभावहरुबाट अतिशय आग्रह गर्दा अहिले फेरी बनारस विद्याविलास प्रेसमा छपाई प्रकाश गरेको छ पहिले आवृत्तिमा प्रेम गरेझैं यस आवृत्तिमा गरी गुणग्राही महानुभावहरूबाट गुणजतिलिई दोषजति छोडी सदसत्को विवेक गरिदिनुभए मेरो यो सानो एउटा परिश्रम सफल हुदोहो भन्ने आशा गरी विद्वान्हरूका चरणकमलमा यो ग्रन्थ समर्पण गरेकोछु।

विक्रमसंवत् १९९०
भाद्र गते १ रोज ५

विद्वान्हरूको प्रीतिपात्र
देवीदत्तपराजुली,
सदरसंस्कृतपाठशाला, नेपाल।

annath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय-सूची ।

विषय.	पृष्ठाङ्क.
गर्भ तुहेको	१
नाल वेढाए पछि बालक मरेको	२
नाल नवेढाउदै मरेको	,,
मरेकै जन्मेको	,,
नाल वेढाए पछि नाम-कर्म नहुदै मरेको	,,
नाम-कर्म भएको, दाँत नउम्रेको मरेको	,,
दाँत उम्रेको २ वर्ष ननाघेको मरेको	३
३ वर्षपछि व्रत-बन्ध नहुदै मरेको	,,
आमा-बाबुका अगाड़ी मरेका बालकको	,,
कर्मनचलेका बालखको अतिक्रान्त आशौच नलाग्ने	,,
आमा-बाबु नभएका ठाउँमा बालक मरेको	,,
२ वर्षभित्रको बालक मरेको	,,
विवाह नभएकी छोरीको	,,
वाग्दान भएकी छोरीको	४
जात २ को आशौच	,,
वानप्रस्थ भएका १० दिने दाज्यु-भाइको	,,
संन्यास लिएका १० दिने दाज्यु-भाइको	,,
नपुंसकको	,,
लडाईमा संमुखमा मर्नेको	,,
लडाईमा चोट परी अन्त गई मर्नेको	,,
स्वास्नी मानिस बचाउदा मरेको	,,
गाई-ब्राह्मण बचाउदा मरेको	,,
दश दिन पछि सुनेको	,,

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिन महिना पछि सुनेको ४
६ महिना पछि सुनेको ,,
९ महिना पछि सुनेको ,,
९ महिना पछि वर्षभित्र सुनेको ,,
वर्ष नाघे पछि सुनेको ५
आमा बाबूको १० दिन पछि जैलेसुकै पनि सुनेको ,,
सौतिनी आमाको १० दिन नाघे पछि सुनेको ,,
तोकिएको दिन नाघे पछि सुनेको ,,
विवाह भएकी छोरी बाबूको घरमा र अरुको घरमा मरेको ,,
विवाह भएकीलाई बाबू आमाको ,,
गायत्री गुरुको ,,
आमाका बाबू-आमाको ,,
व्रतबन्ध भएको छोरीको छोराको ,,
वैदिकको ,,
ऋत्विक्को ,,
यजमानको ,,
फुपुको ,,
सानीमा-ठुलीमाको ,,
फुपुका छोराको ,,
सानीमा-ठुलीमाका छोराको ,,
एकठांउको पानी खाने १० दिने बाहेक दाज्यूभाइको ,,
व्रत-बन्ध भएको छोरीको छोराको ६
एक-पाठ पढेका साथीको ,,
मामाका छोराको ,,
बाबूका फुपु-सानीमा-ठुलीमा-मामाका छोराका ,,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय सूची ।

आमाका फुपु–सानीमा–ठुलीमा–मामाका छोराको	६
वेद पढाएका विद्यार्थीको गुरुलाई	,,
सासु–ससुराको	,,
मितको	,,
दिदी–बहिनीको	,,
व्रत–बन्ध भएका भानिजको	,,
मामा–माइज्यूको	,,
गद्दीमा बसेको राजा मरेमा	,,
अर्का गोत्रको गाउको मुखियाको	,,
मन्त्र सुनाएका चेलाको	,,
शास्त्र पढेका गुरुको	,,
गुरु पुत्रको	,,
गुरु आमाको	,,
८ पुस्तादेखि १४ पुस्ता संमका दाज्यूभाइको	,,
यौटै गुरुले व्रत–बन्ध गराएर मंत्र सुनाएका गुरु-भाइको परस्परमा	,,
जेठा कान्छाबाबुकी छोरीको	७
भतिजीको	,,
छोरीकी छोरीको	,,
पहिलेको शुद्ध नहुदै अरु थपिएका	,,
दशौं दिनको आधा–रातमा थपिएको	,,
दशौं दिनको चौथाइ प्रहरमा थपिएको	,,
अरुको जुठाभित्र आमा–बाबू–स्त्री–पति मरेमा	
बाबूका १० दिनभित्र आमा–बाबू–स्त्री–पति मरेमा	,,
बबूका १० दिनभित्र आमा मरेमा	,,
आमाका १० दनिभित्र बाबू मरेमा	,,

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूतकेरी स्त्री शुद्ध हुने दिन ८
समान जातको मलाम गएको ,,
जुठो परेको घर वसी सोही घरको अन्न खानेलाई जुठो ,,
अरुघरमा वसी जुठो परेका घरको अन्न खानेको ,,
मरेको अनाथ वाहुनलाई वोकी लगी जलाएको ९
ब्रह्मचारीले आमा–वावू–गुरुलाई वोकी लगेको ,,
समान जातको वा ठुलो जातको मलाम गएको ,,
आफुभंदातल्लाजातको मुर्दा छोएको १०
अग्निहोत्री मरी शरीर जलाएमा ,,
अग्निहोत्रीको पुतला जलाएमा ,,
अग्निहोत्रीको हाड जलाएमा ,,
अग्निहोत्री नभएकाको हाड वा पुतला जलाएमा ,,
साथ लागी रुनेको ,,
भतुवालाई लाग्ने जुठो ११
दाइजो कमारा–कमारीलाई लाग्ने जुठो ,,
वालक जन्मेर नाल नवेढाउज्याल गर्नु हुने काम १२
छैटीका दिनको ,,
काम गर्ने जुठो–सूतक नलाग्ने मानिस ,,
राजाहरुलाई जुठो नलाग्ने ,,
जुठो–सूतक नलाग्ने मानिसहरू ,,
अपहत्या गरी मर्नेको १३
जुठो–सूतक परेमा पनि लिनु हुने वस्तुहरू ,,
दुकानमा रहेको वस्तु शुद्ध हुने १४
कस्तालाई कस्ता आगाले जलाउनु ,,
जलाउन निषेध आगो ,,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शूद्रले ल्याएको निषिद्ध वस्तु ,,
कर्म नचलेको बालकले दाहा गर्दा ,,
कर्म चलेकाले दाहा गर्दा १५
दाहा-कर्म गर्ने अधिकार भएको छोरो ,,
छोरा नहुनेको दाहा-कर्म गर्ने मानिस ,,
दाहा गर्नेले सपिंडीसंमको काम गर्नु ,,
जमिनमा दवाउनु पर्ने बालक ,,
जमिनमा दवाए पनी जलाए पनी हुने बालक ,,
जलाउनु पर्ने बालक ,,
जमिनमा दवाउदा गर्नु पर्ने काम ,,
जात २ का मुर्दा लैजादा बताएका दिशा १६
शूद्रले छुनु नहुने ,,
अँजुली दिन कर लाग्ने ,,
अँजुली दिन आफुखुसी ,,
अँजुली दिन नहुने मानिस ,,
अँजुली दिंदा फर्कने दिशा १७
मशानवाट फर्केर खल्को हाल्दा ,,
अँजुली दिने नियम ,,
छाक छोडनुपर्ने ,,
जुठो परेकाले गर्नु नहुने कुरा ,,
जुठो परेकाले गर्नु पर्ने काम ,,
दाहा गर्नेले गर्ने काम ,,
अस्थि-संचयन ,,
अस्थि-संचयन गर्नु नहुने ,,
कपाल खौरने काल १८
जुधाँसमेत खौरनु पर्ने ,,

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मलामीले मरेका घरमा पस्ता गर्नु पर्ने काम ,,
मलामीले चोखो हुन छुनु पर्ने वस्तु ,,
छोराको अतिक्रान्त आशौच १६
देशान्तरमा मरेको भए पनि वर्ष नाघेको भए पनि ,,
पूरापूर लाग्ने जुठो
विवाह भएकी छोरीले बाबु-आमाको १० दिन नाघेको
जुठो वार्ने २०
१० दिनेको देशान्तरको होस् वा पुरानो हुदैगएको ,,
१० दिनेको वर्ष नाघे पछिको ,,
ज्वाइ-शाश-शशुरा-भदा-शालाहरूको जुठो ,,
दिदी-भाइ,दाज्यू-वहिनी उसको घरमा उमरेमा, वा आफ्ना २
घरमा मरेमा ,,
विवाहित फुपूकी छोरीको २१
खप्टिएको जुठो-सूतकको ,,
अग्निहोत्री जलाएको विषय ,,
जन्मे मरेमा वा नछुने भएमा गर्ने दिनको हिसाब २२
देशान्तरको संख्या २३
विहा गरेकी छोरी माइतै विहाइ वा मरी भने, वा अन्तै
मरी विहाइ भने ,,
भिन्नगोत्रको धर्मपुत्रको २४
दशाहापरको धर्मपुत्रको ,,
धर्मपुत्रले जन्मेका घरको ,,
रजस्वला नुहाए पछि फेरी रजभएमा २५

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्रिंशच्छ्लोकी

षण्मासाभ्यन्तरेषु स्वपुरुषानिहिते
गर्भमात्रे विनष्टे
माता तन्मासंख्यासमदिनमशुचिः
स्नानशुद्धाः सापिण्डाः ।
अन्त्ये मासद्वये तु त्रिदिनमशुचयोऽ
तः परं सूतिवत्स्या,
च्चातुर्वर्ण्यस्य तुल्यं भवति वयसि यत्
प्रोच्यतेऽशौचमात्रम् ॥ १ ॥

नागेशभट्टको ग्रन्थ गहिरो अर्थ भैकन ।
नबुझिने हुदा अैले भाषा टीका भयो जन ॥१॥

६ महिना भित्रमा आफूलाइ विवाह गर्ने पतिले राखिये-को गर्भ तुहेमा, जति महिनाको गर्भ तुहेको छ उति दिन आमा अशुद्ध हुन्छे । अर्थात् उति दिन सम्म सूतकेरीले कसैलाइ छुनु हुदैन । दशाहा भाइ स्नानले शुद्ध हुन्छन् ।

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पांचौं र छैठौं महिना भए ता दशाहा भाइ ३ दिन अशुद्ध हुन्छन् । आमा गर्भ भयेका महिनाका गिन्तिले उति दिन अशुद्ध हुन्छे सातौं महिना देखि जजस जातको जुन जुन उमेरमा जति जति लाग्दछ, उति उति सूतक वार्नु पर्छ जुठो वार्नु पर्दैन ॥ १ ॥

जन्माऽऽशौचान्तराले यदि शिशुनशनं नालदृद्धयूर्ध्वकाले
निष्प्राणो निष्पतेद्वा जननजनितमाशौचमस्त्येव कृत्स्नम् ।
प्राङ् नालच्छेदनाचेन्निधनमुपगतस्तत् त्र्यहेणैव शुद्धिः
सर्वेषां सूतिकायास्त्विह च सकलकं प्रेतशुद्धिस्तु सद्यः ॥२॥

सूतक परेमा नाल बेढाये पछि नामकर्म नहुदै बालक मऱ्यो भने, अथवा मरेकै जन्म्यो भने जुठो वार्नु पदन, सूतक मात्र १० दिन पूरा वार्नु पर्छ ।

नाल नबेढाउदै बालक मऱ्यो भने बाबूहरु सबै ३ दिन बिते पछि शुद्ध हुन्छन् । आमाले ता १० दिन पूरा सूतक वार्नु पर्छ । ११ दिन न भई कसैलाई छुनु हुदैन, जुठो ता लाग्दैन ॥२॥

स्नानं प्राङ् नामतोऽर्वाग्दशनजननतोऽहः परेतेऽग्निदग्धेऽ
दग्धे त्वत्रापि सद्यस्तदुपरि दिनमात्र्यब्दतश्चौलशून्ये ।
सच्चौले तु त्रिरात्रं त्रिदिनमितरथाऽप्यात्रताज्जात्यशौचं
मातापित्रोस्तु पुत्रे त्रिदिनमदशने सन्निधौ नष्टचेष्टे ॥३॥

नामकर्म भन्दा पहिले मरे स्नान, नाम भए पछि दाँत नउम्रुन्ज्याल मरेर जलायेको भये १ दिन, नजलायेको भये स्नानले शुद्ध हुन्छन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दांत उम्रेपछि ३ वर्ष भित्रमा चूड़ा नगरेको भए १ दिन, चूडा भइसकेको भए ३ दिन लाग्छ । ३ वर्ष पछि चूडा भए को भए पनी नभए पनी व्रतबन्ध नहुन्ज्याल ३ दिन, व्रतबन्ध भए पछि आफ्ना जातमा वारी आयेको जुठो वार्नु पर्छ, यो अरू दशाहा दाज्यू भाइलाई लाग्ने हो ।

आमा र बाबूलाई ता नजीकमा मरेको भए ता दाँत नउम्रेको भए पनी ३ दिने वार्नु पर्छ । टाढा भए ता ३ दिन वितिशकेको भए अतिक्रान्त आशौच वार्नु न पर्ने हुनाले जुठो वार्नु पर्दैन, स्नानले शुद्ध हुन्छन् ॥ ३ ॥

ऊनद्व्यब्दे त्वसंज्ञे जनिकरजननीसोदराणां दशाहं
यद्वाऽस्पृश्यत्वमेवाधिकमिह विषये सूतकं तु त्रिरात्रम् ।
स्त्रीषु स्नानेन शुद्ध्येत्त्रिपुरुषविषये ज्ञातिरात्रौरकाला-
दर्वाग् वाग्दानतोऽह्नां त्रिभिरुपयमनाद्भर्तृगोत्रं स्वकं च ॥४॥

पुग नपुग २ वर्षको बालक मरेमा ता बाबू आमा सहोदर दाज्यू भाइलाई १० दिन जूठो लाग्दछ । अथवा ३ दिन आशौचमा कसैलाई नछुनु नै अधिक हुन्छ त्यसैलाई आशौच वार्नु भन्छन् । अर्थात् ३ दिन सम्म बाबू र आमा सहोदर दाज्यू भाइहरुले कसैलाई छुनु हुदैन ।

विवाह नभए की छोरी को जुन उमेरमा छोराको चूडा हुन्छ उ उमेर भएकी मरेमा ता ३ पुस्ता सम्मका दाज्यू भाई स्नानले शुद्ध हुन्छन्, वाग्दान भएकी, विवाह न भएकी भए दिएका घरमा र माइतमा २ तिर ३।३ दिन जुठा वार्नु पर्छ ॥ ४ ॥

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जन्मन्यौपेतमृत्यावपि च दशनिशा द्वादशाहानि पक्षं
मासं वर्णाः क्रमेणाऽशुचय उचितकृच्छूद्रजातिस्तु पक्षम् ।
वानप्रस्थे यतौ चोपरमति कुलजे षण्ढके चाऽऽप्लवः स्या-
च्चोषिद्रोविप्रगुप्तयै मृतवति च दिनं युद्धविद्धे तु सद्यः ॥५॥

सूतक परेमा र व्रतवन्ध गरेको मरेमा ब्राह्मणले १० दिन पूरा, क्षत्रिले १२ दिन, वैश्यले १५ दिन, शूद्रले ३० दिन पूरा जुठो वार्नु पर्छ । ब्राह्मणहरुको, यज्ञको, भान्साको काममा लागेको शूद्रले ता १५ दिन बारे हुन्छ ।

आफ्ना कुलको दशाहा दाज्यूभाइ वानप्रस्थ आश्रम लिएको वा संन्यासी बनेको, अथवा नपुंसक मरेको भए दशाहा भाइ स्नानले शुद्ध हुन्छन् ।

लडाञ्जीमा सन्मुखमा मरेको भए पनी दशाहा स्नानले शुद्ध हुन्छन् । लडाञ्जीमा चोट परी अन्त लगे पछि मरेकाको १ दिन, स्वास्नी मानिस, गाई, ब्राह्मणका रक्षा निमित्त मरेकाको १ दिन जुठो लाग्छ ॥ ५ ॥

शावेऽतीते दशाहात्प्रभृति विषयके प्राक् त्रिमासात् त्रिरात्रं
पक्षिण्यापष्ठमासादिनमिह नवमात् स्यात्ततः स्नानमात्रम् ।
स्नानं देशान्तरस्थे त्वथ पितृविषये देशकालाविशेषात्
स्वं स्वं मातुः सपत्न्यास्त्रिदिनमिदमतिक्रान्त्यशौचं सकीनम् ॥६॥

दशदिने जुठो दशदिन विते पछि मरेका ठाउमा थाहा भयो भने ३ महिना सम्म ३ दिन- ६ महिना सम्म १॥ दिन, नौ महिना सम्म १ दिन, १ वर्ष भित्रलाई स्नान, देशान्तरमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मरेको भए ता वर्ष नाघेको अतिक्रान्त आशौच स्नानले शुद्ध हुन्छ ।

जन्माउने आमा बाबूको भए ता देशकालको विशेष अपेक्षा नहुने हुनाले जातमा बताएको पूरापूर आशौच मान्ने पर्छ । सौतिनी आमाको ता १० दिन बिते पछि वर्ष दिन बितेको भए पनी ३ दिन जुठो बार्नु पर्छ ।

अतिक्रान्त आशौच १० दिनेको ३ दिन लाग्छ, वर्ष दिन बितेको भए ता आमा-बाबू-पति-पत्नीको बाहेक स्नानले जान्छ ॥६॥

पित्रोर्गेहे समूढाप्रसवमरणयोरेकरात्रत्रिरात्रे
स्यातां पित्रादिकानामथ पितृमरणे व्यूढपुत्र्यास्त्रिरात्रम् ।
प्रेतेष्वाचार्यमातामहदुहितृसुतश्रोत्रियर्त्विक्सगाज्य-
स्वस्रीयेषु त्रिरात्रं त्रिदिवसमशुचिः सोदकस्तूभयत्र ॥७॥

विवाह भएकी छोरी बाबूका घरमा मरी वा सूतकेरी भईभने बाबूका घरकालाई १ दिन सूतक, जुठो ३ दिन लाग्दछ । पतिकै घरमा मरेकी वा सूतकेरी भएकी भए सूतक लाग्दैन । जुठो चाँही बाबू-आमालाई ३ दिन लाग्दछ । बाबू आमा मरेका भए विवाह गरेकी छोरीलाइ ३ दिन जुठो लाग्छ ।

व्रतबन्ध गराएर गायत्री सुनाएर वेद पढाएका गुरु (आचार्य), आमाका बाबू-आमा, व्रतबन्ध भए को छोरीको छोरो, श्रोत्रिय, ऋत्विक्, यजमान, फुपु, सानीमा, ठुलीमा र निजका छोरा, एकै ठाँउको पानी खाने दशाहा माथीका गोत्रका दाज्यू भाइले ३।३ दिन जुठो बार्नु पर्छ ॥ ७ ॥

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पत्नित्रयाशौचमृत्विग्दुहितृसुतसहाध्यायिबन्धुत्रयान्ते-
वासिश्वश्रूसुमित्रश्वशुरभगिनिकाभागिनेयप्रयाणे ।
मातामह्यां च पित्रोः स्वसरि च विरते मातुले मातुलान्यां
चाथो सज्योतिरेव स्वविषयनृपतौ ग्रामनाथे च नष्टे ॥८॥

ऋत्विक्, व्रतबन्ध नभएको छोरीको छोरो, एकै पाठ वेद पढेको साथी, (१)बन्धुत्रय, वेद पढाएको विद्यार्थी, ससुरा, असल मित्र, दिदी, वैनि, व्रतबन्ध नभएको भानिज, आमाकी आमा, सानीमा, ठुलीमा, मामा, माइज्यू मरेमा १॥ दिन जुठो लाग्छ । आफनु देशको गद्दीको राजा, अर्को गोत्रको गाँउ-को मुखिया मरेमा दिनमा भए दिनभर रातमा भए रातभर जुठो लाग्छ ॥ ८ ॥

शिष्योपाध्यायबन्धुत्रयगुरुतनयाऽऽचार्यभार्यासगोत्राऽ-
नूचानश्रोत्रियेषु स्वगृहपरमृतौ मातुले चैकरात्रम् ।
रात्रिं सब्रह्मचारिण्यथ तु कथमपि स्वल्पसम्बन्धयुक्ते
स्नानं वासोयुतं स्यादिदमपि सकलं सर्ववर्णेषु तुल्यम् ॥९॥

मन्त्र सुनाएको चेलो, शास्त्र पढ़ेको गुरु, बन्धुत्रय, गुरुका छोरा, आचार्यकी स्त्री, ८ पुस्ता देखि १४ पुस्ता सम्मको दाज्यू भाई. सम्पूर्ण वेदका अङ्ग पढ़ेको वैदिक, श्रोत्रिय आफूना घरमा मरेको भएमा, यौटै गुरुले व्रतबन्ध गराएर मन्त्र सुनाएका गुरु भाइहरुमा १ दिन जुठो लाग्छ ।

(१) आफ्ना फुपु, सानीमा, ठुलीमा, मामाका छोरा, बाबुका फुपु सानीमा, ठुलीमा, मामाका छोरा' आमाका फुपु, सानीमा, ठुलीमा, मामाका छोरा बन्धुत्रय कहलाउछन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सानु सानु सम्बन्ध भयेका जेठा कान्छा बाबूकी छोरी, भतिजो, सानी मा ठुलीमा फुपु मामाका छोरा छोरी, छोरीका छोरी मरेमा लाएका कपड़ा सहित स्नान गरे पछि शुद्ध हुन्छ । यो सबै जातमा लाग्ने जुठो हो ॥ ६ ॥

वद्धाऽऽशौचस्य मध्ये त्वपरमपि सप्तं स्वल्पकं वा सजाति-
प्रेते जात्यन्तरं वा यदि भवति तदा पूर्वशेषेण शुद्धिः ।
द्वाभ्यां तद्वात्रिशेषे त्रिभिरपरदिनैर्यामिनी यामशेषे
नैवाऽऽशौचेन पित्र्यं पितुरुपशमने पत्निणी मातृमृत्यौ ॥१०॥

पहिले बताएका आशौच सूतकका बीचमा, अर्थात् शुद्ध नहुदैमा आर्को त्यहीसमानको वा सानु अशौच, सूतक पर्‍यो भने पहीलेकैले शुद्ध हुन्छ । अर्थात् जुठोमा जुठो, सूतकमा सूतक, जुठोमा सूतक पर्‍यो भने पहिलैले शुद्ध हुन्छ । सूतकमा जुठो पर्‍यो भने ता जुठो बार्नु पर्छ । सूतकले लैजादैन ।

दशौं दिनको आधा रात भित्रमा थपियो भने अरु २ दिन बढ़ता बारे पछि शुद्ध हुन्छ, सिद्धिने अर्थात् दशौंदिनको रातको चौथो प्रहरमा थपिएको भए ३ दिन अरु बार्नु पर्छ । पहिलाले मात्र शुद्ध हुदैन, ११ दिन भई शके पछि ता फेरी पूरापूर बार्नु पर्छ ।

अरुका जुठाको १० दिन भित्र बाबू अथवा आमा पति स्त्री मरेमा पहिलाले जादैन, अघि पछिको बाबू आमाको जस्तो गरी पूरापूर बार्नु पर्छ । बाबूका १० दिन भित्रमा आमा मरेमा १॥ दिन बढ़ता बार्नु पर्छ, आमाको १० दिन भित्रमा बाबू मरेमा अरु पूरापूर १० दिन जुठो बार्नु पर्छ ॥ १० ॥

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वं त्वाशौचमन्तर्यदि विदितमिदं शेषमात्रेण शुद्धि-
र्दाहाहादाहिताग्नौ मरणदिवसतोऽन्यत्र कुर्याद्दशाहम् ।
पूर्णे स्नात्वा सचैलं विहितहितकृतावर्हकाः, सूतिका तु
त्रिंशद्रात्रं न योग्या सुरपितृकरणे विंशतिं पुत्रसूस्तु ॥११॥

सबै यो आशौच, आशौच भित्रै सुनेको भए बाकी दिनले शुद्ध हुन्छ। अग्निहोत्री मरेमा दाह गरेका दिन देखिको हिसाब हुन्छ । अग्निहोत्री नभएको मरेमा, मरेका दिन देखिको हिसाब हुन्छ । दिनपूरा भएमा ता दशाहा भाइहरु कपड़ासहित नुहाएर वेदले कहेको पितृहरुको काममा योग्य हुन्छन् ।

सूतकेरी भएकी स्त्री ता छोरी भए ३० दिन, छोरो भएको भए २० दिन बितेपछि देवता र पितृको काममा र भान्साको काममा योग्य हुन्छे ॥ ११ ॥

निर्हृत्यान्यं प्रमीतं दिवसमशुचिकोऽथाऽसवर्णं तदुक्ताऽऽ-
शौचोऽथाऽनाथमाद्यक्रतुशतफलभागाप्लवेनैव शुद्ध्येत् ।
नीत्वोपाध्यायमातापितृपरमगुरून् ब्रह्मचारी न दोषी
तेभ्योऽन्यं निर्हृतोऽस्य व्रतमपि वितनं भ्रश्यतेऽवश्यमेव ॥१२॥

जुठो नलाग्ने समान जातको मरेको मानिस बोकेर जलाएमा उस घरमा नबसेको रं उसको अन्न पनि नखाएको भए १ दिन अशुद्ध हुन्छ । उसैका घरमा बसेको उसको अन्न भने नखाएको भए ३ दिन बिते पछि शुद्ध हुन्छ । अन्नसमेत खाएको भए १० दिन नभै शुद्ध हुदैन । समान जातको नभए उसका जुठासित मात्र जुठो जाने हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कोहि नभएको अनाथ बाहुनलाइ पैसाको लालचा नगरी लगी जलाएको भए सयज्योतिष्टोम यज्ञ गरेको फल पाउदछ । स्नानले मात्र पनी शुद्ध हुन्छ । जुठो पनि १ दिन मात्र लाग्दछ । ब्रह्मचारी छ ता पनी गुरु-आमा-बाबूलाइ छोइ जलाएमा पनी ब्रह्मचर्य भ्रष्ट हुदैन, ई बाहेक अरुलाइ छोए जलाए ब्रह्मचर्य अवश्य भ्रष्ट हुन्छ ॥ १२ ॥

तुल्योत्कृष्टानुयाने वसनसहितकोऽम्भस्यवाऽऽप्लुत्य वह्निं
स्पृष्ट्वाऽऽज्यं प्राश्य शुद्धयेदथ दिनमशुचिर्हीनवर्णानुयाने ।
पक्षिण्येकान्तराऽनुव्रजत इह भवेत् द्व्यन्तरत्वे त्रिरात्रं
कृत्वा स्नात्वा सुनद्यामसुयमनशतं सर्पिराशं च कुर्युः ॥१३॥

आफ्नु समान जातर आफू भन्दा बढता जातको मलाम गए कपड़ा सहित नुहाएर आगो छोएर घीउ खाएर शुद्ध हुन्छ । आफू भन्दा १ पिढीतल, अर्थात् ब्राह्मणले क्षत्रियको, क्षत्रियले वैश्यको, वैश्यले शूद्रको मलाम गएको भए १ दिन, २ पिढीको, अर्थात् ब्राह्मणले वैश्यको क्षत्रियले शूद्रको मलाम गएको भए १॥ दिन, ३ पिढिको अर्थात् ब्राह्मणले शूद्रको मलाम गएको भए ३ दिन अशुद्ध हुन्छ, ३ दिन पछि समुद्रमा पुग्ने नदीमा स्नान गरेर १०० प्राणयाम गरेर घीउ खायेर शुद्ध हुन्छ ॥ १३ ॥

ताताऽऽम्बाचार्यकेभ्योऽनलजलतिलदो ब्रह्मचारी तदीयाऽऽ
शौचोऽन्येभ्यस्तु तद्दः पुनरुपनयनं चाधिकं कारयेत् तु ।
अन्ये त्वज्ञातिकेभ्यो यदि ददति तदा तत्प्रयुक्ताऽशुभाः स्युः
कुर्युः कृच्छ्रत्रयं वाऽधमदहनविधौ तन्तमेवाऽऽप्नुवन्ति ॥१४॥

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाबु-आमा व्रतबन्ध गराएर वेद पढाउने गुरु मरे-मा दाहा गर्ने र तिलाञ्जलि दिने ब्रह्मचारी तिनि हरुलाइ लाग्ने आशौच बारे पछि शुद्ध हुन्छ । अरुलाइ दाहा गर्नेर तिलाञ्जलि दिने ब्रह्मचारी इनिहरुलाई लाग्ने जुठो बारे पछि पनी फेरी व्रतबन्धको संस्कार गरे मात्र शुद्ध हुन्छ । अरुताः अर्थात् ब्रह्मचारी बाहेक ता आफना दाज्यू भाइ देखि अरुलाइ तिलां-जलि दियो वा आगो दियो भने उजातलाइ लागेको आशौच बारेर ३ कृच्छ्र प्रायश्चित्त पनी गरुन् । नीचो जातलाई जलाए मा ता उहि जात जस्तो भैजान्छ ॥ १४ ॥

पालाशीमाहिताग्नेः प्रतिकृतिमथवाऽस्थीनि दग्ध्वा दशाहा-द्याऽऽशौचा ज्ञातयः स्युस्तत इतरनृणां त्रीण्यहान्येव कुर्युः ।
अन्ये विप्राद्यशौचे सकृददनमदंस्तावदाशौचकृत्स्या-द्यावत्तेषां तदन्ते व्रतमपि च चरेद्रोदने त्वेकरात्रम् ॥१५॥

अग्निहोत्र लिएकाको पुतला जलाएमा र, निजको हाडै जलाएमा दशाहा भाइहरू दशदिनले शुद्ध हुन्छन् । अग्निहोत्र नभएकाको पुतला वा हाड जलाएमा दशाहा भाइलाई ३ दिन आशौच लाग्दछ । अरु जुठो नलाग्ने मानिसले जुठो परेका घरका अन्न एकपल्टमात्र खायो भने त्यसले पनि उसको बराबर जुठो बार्नु पर्छ । आशौच शकिए पछि जुन जातमा जुन प्रायश्चित्त बताएकोछ, त्यो गरोस् । रुनेहरुको साथ लागी रोए १ दिन आशौच लाग्दछ ॥ १५ ॥

जन्मन्यस्पृश्यता नो भवति कुलभुवां मातृवर्जं पितुस्तु स्नानादूर्ध्वं सचैलादथ निधनकृताऽऽशौचकेऽल्पे त्रिभागे ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वांशस्योपरीत्थं महति च यदि संचायनं वृत्तमासी-
न्नो चेत्तस्योपरिष्टादथ तु गृहजयोर्दासयोराप्लवोर्ध्वम् ॥१६॥

सूतकेरामा सूतकेरी वाहेक अरुलाई छुनु हुन्छ, वा-बूलाइ कपडासहित नुहाएपछि छुनु हुन्छ । ३ दिने जुठामा ३ भाग गरेर पहिला भाग वाहेक २।३ भागमा छुनु हुन्छ; १० दिनेमा पनी पहिले दिन अस्थिसंचयन गरेको भए ३ भाग गरेर २।३ भागमा छुनु हुन्छ । अर्थात् ३ दिनभित्र छुनु हुदैन । चौथादिन देखि छुनु हुन्छ । अस्थिसंचयन नगरेको भए अस्थि-संचयन गरेको दिनदेखि १० दिनसम्मका दिन गनेर ३ भाग लगाएर पछिल्ला २ भागमा छुनु हुन्छ । घरमा जन्मेका दास-दासीलाइ छुनु हुन्छ ॥ १६ ॥

अन्नेनोपात्तयोस्तु त्रिरजनिचरणाद्दत्तदासादिकानां
स्वाम्याशौचाहसंख्यासमदिनगमनादूर्ध्वमन्यत्तु सूक्तम् ॥
जातेऽपत्ये तु तस्मिन्नहनि निशि च तन्मङ्गलार्थेषु योग्याः
सर्वाशौचं सदा नो भवति यतिवनिव्रह्मचर्यस्थितानाम् ॥१७॥

खाली भतुवा वसेकालाइ ३ दिन पछि छुन हुन्छ । दाइजो दिएका दासदासीलाइ ता मालिकको जुठो सकिए पछिमात्र छुनु हुन्छ । निजहरुले पनी खाली मालिकको काम वाहेक अरु काम गर्नु हुदैन ।

छोरो वा छोरी जन्मेमा त्यस वालकलाई कल्याण हुने जात कर्म आदि गर्दामा मात्र त्यसदिन वा रातभरलाई सूतक

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाग्दैन । अर्थात् बालक जन्मेपछि नाल नबेडाउन्ज्याल(१) सम्म जातकर्म गर्न, नान्दीश्राद्ध गर्न, बालखका निम्तिमा दान दिन दोष लाग्दैन । नथालेको अरु शुभ काम विवाहहरू गर्न हुदैन ।

छैटीका दिन पनी राहु-वेध नहुन्ज्याल संम षष्टिकाको पूजा भए पछि दिन खान दोष लाग्दैन । यो स्व वै आशौच सँधै संन्यासी, वानप्रस्थी, ब्रह्मचारीलाई लाग्दैन ॥ १७ ॥

तत्तत्कार्येषु सत्रिव्रतिनृपनृपव्रदीक्षितर्त्विक्स्वदेश-
भ्रंशापत्स्वप्यनेकश्रुतिपठनभिषक्कारुशिल्प्यातुराणाम् ।
संप्रारब्धेषु दानोपनयनयजनश्राद्धयुद्धप्रतिष्ठा-
चूडातीर्थार्थयात्राजपपरिणायनाऽऽद्युत्सवेष्वेतदर्थे ॥ १८ ॥

ज-जसको जो जो काम नगरे काम विग्रन्छ, त्यो त्यो काम गर्दा जुठो र सूतकले छेकिदैन, जस्तै,-अन्नको सदावर्त बाँटदा, प्रायश्चित्तादिको व्रत आरंभ गरी शकेको भए, दोष लाग्दैन ।

राजालाई, राजाको काम गर्नेलाई, यज्ञको आरंभ गरेका यजमानलाई, यज्ञमा वरण भएका ऋत्विक्लाई, देशमा उपद्रव भएमा, केही कुरामा आपत्ति परेमा, धेरै वेद पढी रहनेलाई, रोगी, वैद्य, कालिगर, चित्रकार यिनिहरुलाई, दान, यज्ञ, व्रत-बन्ध, लडाञ्ची, श्राद्ध, व्रत-प्रतिष्ठा, तलाउहरुको प्रतिष्ठा, चूडा, तीर्थयात्रा, जप, विवाह, आदि उत्सवको काम आरंभ

(१) जन्मेका ६ मुहूर्त अथवा ७ मुहूर्त सम्ममा नाल बेढाइ शक्नु भन्ने अरु शास्त्रमा लेखेको छ । त्यस भन्दा बढता राख्न हुँदैन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरी शकेकामा त्यो काम न सिद्धियुन्ज्याल संग जुठो सूतकको दोष लाग्दैन। यी काम गर्नु हुन्छ ॥ १८ ॥

नाशौचा ज्ञातयः स्युः पतितपतिसुत-ब्रह्मविद्घातिनीषु
दोषात् पाखण्डिचोराश्रमरहितसुरापेयहीनोपगासु ॥
संदर्पात् सर्पविप्रक्षितिपपशुदिवाकीर्तिकाद्यैर्हतेषु
स्वेच्छापूर्वं च शस्त्रज्वलनजलविषाऽनाशकाद्यैर्मृतेषु ॥ १९ ॥

जातवाट पतित भएकी स्त्री र पति-छोरो-ब्राह्मणलाई मार्ने स्त्री मरेमा वा सूतकेरी भएमा, दोषले पाखण्डी, चोर, कोही आश्रममा नरहेको, मदिरा पिएर जातवाट भ्रष्ट भएकाको, खराप जातिकी स्त्रीको संसर्ग गरेकाको, सेखीले लड्दा, वा सर्पले डसेर मरेकाको, वा ब्राह्मण, राजा, पशु, चाण्डाल जातले मारिएकाको, आफैले सेरिएर, आगामा डढेर, जलमा डुबेर, विष खाएर, अन्नहरु नखाएर अपहत्या गरी मरेकाको दाज्यू भाइ र अरु दशाहाहरुलाई पनि जुठो लाग्दैन ॥ १९ ॥

नाशौचं शाककाष्ठाऽजिनलवणतृणक्षीरनीरामिषेषु
पुष्पे मूले फले चौषधिदधिमधुषु स्यात्तिलेक्ष्वामभोज्ये ॥
दद्यादद्यादिमानि स्वयमनुमननात् स्वामिनो याति-जाताऽऽ
शौचे वा कृत्रिमे वा पणितमपणितं चापि सर्वं शुचि स्यात्॥२०॥

आशौच र सूतक अरु कारणान्तरले आशौच परेका घरको शाग, काठ, छाला, नुन, घास, दूध, पानी, आमिष खाने कुरो, फल-फूल औषधि-दहि मह-तिल-उखु-कांचो खाने कुरो यी खाने र खानदिने लाई दोष लाग्दैन। दिनुमात्र अर्काका हातले चाहिन्छ।

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुकानमा रहेको किनेको भए पनि, तेसै पाएको भए पनि चोखो हुन्छ । दुकान-दारलाई जुठो सूतक परेको भए पनि दोष लाग्दैन ॥ २० ॥

जातारण्यग्निनार्वाक् परिणयनविधेर्दग्धिराधानकालाद्
गृह्येणोर्द्ध्वं तु विध्याहितहुतवहनैर्लौकिकेन त्वभावे ॥
चण्डालाग्निं चितायिं पतितहुतभुजं सूतिकाऽमेध्यवह्नीन्
जह्याच्छूद्राऽऽहृतेनेन्धनदहनघृताद्येन दाहोऽप्यदाहः ॥२१॥

विवाह नभएको व्रत-बन्ध भने भएकालाई जलाउँदा जात-कर्म गर्दा मथेको आगाले, विवाह पछि आधान नहुन्याल सम्म विवाहको आगाले, आधान भए पछि अग्निहोत्रका आगाले दाहा गर्नु पर्छ, यिनमा केही पनी नहुनेले भातहरु पकाउने अघेनाको आगाले जलाउनु ।

चाण्डालका घरको, चिताको, जात-पतितका घरको, सूत, केरीका कोठाको, अरु अशुद्ध आगाले दाहा नगर्नु, शूद्रले ल्याएका दाउरा, आगो, घीउ, दूधहरुले दाहा नगर्नु, गर्‍यो भने दाहा नगरेकै जस्तो हुन्छ ॥ २१ ॥

सर्वं तूष्णीं विदध्यादुपनयनविधेः प्राक्, परं तु स्वशाखा-
गृह्योक्तैस्तद्विधानैः सकलशवविधिं ज्येष्ठपुत्रोऽथरो वा ॥
पुत्राभावे क्रमेण स्वकुलजजननीवंश्यशिष्यर्त्विजो वाऽऽ-
चार्यो वा यस्तु कुर्यात् प्रथमदिनविधिं सोऽपि तत्सूतकान्तम् ॥२२॥

व्रत-बन्ध नगरेकाले क्रिया गर्नु पर्दा मन्त्र नपढी दाहा गर्नु, उपनयन भएपछि आफ्ना शाखाका पद्धति विधिले मन्त्र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पढ़ेर दाहा गर्नु, दाहा गर्दा जेठा चाहीले नै गर्नु, जेठो महजूद नभए उनमा जो जेठो छ उसैले गर्नु, छोरो नभए दशाहाले, सापनी नभए दाज्यूभाइपर्नेले सोपनी नभए भावलीले, सोपनी नभए विद्यार्थीले, सोपनी नभए आचार्यले दाहा गरोस् । जसले दाहा गर्छ उसैले सपिण्डीसम्मको काम स्त्री पुरुष जो भए पनी गरोस् ॥ २२ ॥

आनाभ्नः खातमात्रं न जलहुतवहौ नाब्दवर्षत्रयान्तः
कामं चोर्ध्वं तु नित्यौ भवत उपरतेऽचौलके चौलयुक्ते ॥
नित्यौ कालाऽविशेषादथ पितृमुखराः स्नापयित्वाऽम्बरस्रग-
न्धाद्यैः शोभयित्वा मृतमथ खनने योग्यमाज्यैर्विलिप्य॥२३॥

नाम-कर्मभन्दा पहिले मरेको भए जमीनमा गाड्नु न जलाउनु, न वगाउनु । नाम-कर्म पछी ३ वर्षभित्रमा दवाउनु र जलाउनुमा आफ्नु इच्छा । ३वर्षपछि चूडाभए पनी नभए पनि जलाएर पानीमा फाल्नु पर्छ । जमीनमा दवाउदा बाबू आदि जो काम गर्ने हो त्यसैले खाडल खन्नु र मरेको बालक-लाई नुहाई दिएर चन्दनहरु घसेर कपडा मालाहरु पहिराई दिएर घीउ शरीरमा घसि दिएर जमीनमा दवाउनु ॥ २३॥

प्रत्यग्द्वारान्नगर्गा वहिरवनिसुरं, क्षत्रियं तूत्तरेण,
प्राग्द्वारेणैव वैश्यं, पितृदिशि वृषलं नाययित्वाऽनुयायुः ।
वर्षीयःपूर्वमूनद्विशरदुपरतौ नानुयाने नियामः
शूद्रैः स्पृष्टो ऽथ वोढो यदि भवति मृतः प्रेतभावान्न मुक्तिः॥२४॥

ब्राह्मणलाई सहरको पश्चिम ढोकाबाट, क्षत्रियलाई उत्तर

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ढोकावाट, वैश्यलाई पूर्व ढोकावाट, शूद्रलाई दक्षिण ढोकावाट निकालेर बूढालाई अगाडी लगाएर लैजानु, यो कुरो दुयीवर्ष अधिक भएकाको हो, मरेकालाई शूद्रले बोक्यो वा छोयो मात्र भने पनी त्यो प्रेतयोनिबाट छुट्तैन ॥ २४ ॥

ज्ञातीनां मातापित्रोरपिपरमगुरोर्नित्यमम्भोऽथ मित्र-
प्रत्तास्वस्रीययाज्यश्वशुरगुरुसुहृद्याजकानां यथेष्टम् ।
न व्रात्यब्रह्मचारित्रतियतिपतितक्लीवपाषण्डचोरा
दद्युर्ये त्वत्र पिण्डाऽनलजलकथनानर्हकास्ते तु सूक्ताः॥२५॥

दशाहाले दशाहाभाइलाई, पुत्रले आमा-बाबूलाई, शिष्यले आचार्यलाई अञ्जलि दिनु आवश्यक छ, मित, दिएकी छोरी-बैनि-फुपु-स्वानीमा-ठूलीमाका छोरा यिनलाई अञ्जलि दिनु आफ्नु खुसी हुन्छ ।

ब्राह्मणको १६ वर्षभित्र, क्षत्रियको २२ वैश्यको २४ वर्ष भित्र व्रतबन्ध गर्नु पर्छ । तेत्ती सम्म पनी व्रत-बन्ध नभएका, ब्रह्मचारी, चान्द्रायण आदि व्रत थालेको, सन्यासी, जातबाट बाहिर भएको, नपुंसक, पाखण्ड, चोर यिनीहरुले अरु सद्देलाई अञ्जली नदिउन् । जो सिद्धान्न (पकाएको) पिण्ड दिन योग्य छैनन्, ती पनी अञ्जली नदिउन् ॥ २५ ॥

संस्कृत्यानीक्षमाणाः सकलकुलभुवो बालपूर्वा व्रजित्वा
नादेये वृद्धपूर्वं पयसि सवसना एकवारं निमज्ज्य ।
पाषाणे त्रिः सकृद्वा प्रतिदिनमुदकं ब्राह्मणे दक्षिणाऽऽस्याः,
क्षत्रेतूदङ्मुखा वै मृतवति विशि तु प्राङ्मुखास्ते ददीरन्२६॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्पूर्ण दशाहा दाज्यू-भाइले मरेकालाई दाहा गरी शकेर केटा-केटीलाई अगाडी लगाएर मशानवाट फर्के पछि पछिल-तिर नहेरेर नदीका जलमा वूढाले अगाडी लागेर १ पल्ट डुवेर पत्थरमा ३ पल्ट, वा एकपल्ट १० दिन संम अंजलि दिउन्, अंजलि दिदा मरेको ब्राह्मण भए दक्षिणतिर, क्षत्रिय भए उत्तर-तिर, वैश्य भए पूर्व तिर फर्केर दिउन् ॥ २६ ॥

स्नायुर्भूयोऽपि तत्र त्रिनिशमनशना ज्ञातयोऽहर्निशं वा
क्रीतोत्पन्नाशना वाऽऽमिषलवणपयःक्षीरमन्नं त्यजेयुः ।
स्त्रीसङ्गं मङ्गलानि व्यसनहसनमुद्वोदनोच्चाऽऽसनानि
तार्णाऽऽस्तीर्णक्षितौ ते पृथगतिनियताः संविशेयुर्निशायाम् ॥२७॥

दशाहा भाइले जलांजलि दिएपछि फेरि पनी त्याँही नुहा-उन्, ३ दिन वा १ दिन दशाहालेउपवास गरुन, अथवा उप-वास गर्न नशके किनेर वा कसैले दियेा भने तेही खाउन् ।

आमिष वस्तु, नुन, दूध, अन्न, स्त्रीसंभेाग, मङ्गल कुरेा (शुभ काम) अंमल, हास्नु, खुसी हुनु, रुनु, अग्लेा आसनमा वस्ने काम छेाड़ेास्, पराल, सुकेको झार ओछ्याएर ब्रह्मच-र्यमा रहेर रातमा भिन्न २ सुतुन् ॥ २७ ॥

संस्कर्ता दर्भपुञ्जे समधु दहनतः प्रत्यहं पिण्डमेकं
भूमावेवाऽऽवपेत प्रथमदिनचरुद्रव्यमेवोपरिष्टात् ।
दाहाहादेव गण्यं चयनदिनमिदं चादितोऽह्नां चतुर्णा-
मेकस्मिन् सप्तमे वाऽहनि नवमदिने वाऽनुपेते तु नैतत् ॥२८॥

दाहा गर्नेले दाहा गरे पछि दिन दिन दश दिन संम जमीनमा कुश ओछ्याएर तेसैमाथी मह हालेर१।१ पिण्ड देवेास्। पहिले दिन दिएको जुन अन्नको पिण्ड छ, उस्तै विधिले उसै ठाउँमा १० दिन संम देवेास् । दाहा गरेका दिनदेखि गनेर चारौं वा

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सातौं वा नवौं दिनमा अस्थिसञ्चयन गर्नु । उपनयन न हुने कोता अस्थिसञ्चयन गर्नु पर्दैन ॥ २८ ॥

वर्षीयस्युद्गते तूपरि वपननखच्छेदनं सूतकान्ते
मध्ये वा केचिदूचुः पितृपरमगुरूण्वेव वापाऽऽदि नित्यम् ।
अत्र स्मार्तं शुभार्थे भणितमभणितं तत्स्वगृह्यैर्विदित्वा
कृत्वा दानं च दद्यादशुभभयभिदे भूसुरेभ्यः शुभार्थे ॥२९॥

वूढो मरेमा उसै दिनमा जुंघादारि समेत खौरनु । कसै २ ले जुठाका अन्त्यमा खौरनु भनेका छन् , कसैले १० दिन भित्रै-मा २।३।४ इत्यादि दिनैमा खौरनु भनेका छन् , वाबू-आमा-वावूका वावूहरू, वा आचार्य मरेमा जुंघाहरु खौरनु अत्यन्त आवश्यक छ । यहाँ आफना कल्याणका निम्ति वताएका वा नवताएका कुरा सवै आफना कुलमा चलि आएका विधिले दाहादेखि सपिण्डीसम्मको काम गरेर अशुभ नाश गर्न, शुभ पाउन ब्राह्मणलाई दान देओस् ॥ २९ ॥

दत्त्वा पिण्डं सपिण्डाः परशववहनस्नापकाश्च व्रजित्वा
तद्वेश्मद्वारि चास्य प्रशमितमनसो निम्वपत्रं विदश्य ॥
आचम्याऽन्यम्बुदूर्वाऽङ्कुरवरदृषभानद्धतान् गोमयं च
स्पृष्ट्वा सिद्धार्थतैलान्यथ दृषदि पदं न्यस्य सर्वे विशेयुः ॥३०॥

चिता-पिण्ड दिएका; नुहाएका सपिण्डर अरु मलामी हरु मर्ने मानिसका घर ढोकामा गएर चित्त शान्त गरेर नीम्को पात खाएर पानी अचाएर आगोः जलः दुवोः गोरुः अछेताः सर्स्यूंको तेल छोएर पत्थरमा गोडा राखेर सवै घरभित्र पसुन् ॥ ३० ॥

महामहोपाध्याय नागेशभट्ट विरचिता
त्रिंशच्छ्लोकी समाप्ता ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दश-श्लोकी।

त्रिंशच्छ्लोक्यामप्यनुक्तं तमर्थं कृष्णादैववित् ।
ग्रन्थान्तरात्समाकृष्य दशश्लोकीं करोति वै ॥ १ ॥

कृष्णजोसी त्रिंशत् श्लोकीमा नकहेको पनि अर्थ अरु २ ग्रन्थ-बाट झिकेर दश-श्लोकी नामको ग्रन्थ बना उदछन् ।

दम्पत्योरतिपत्न्यशौचमुदितं देशान्तरेऽब्दान्तरेऽ
प्यन्योन्यं दशवासरं दशदिनं पित्रोर्मृतौ पुत्रकः ।
कुर्याच्च त्रिदिनं सपत्नजननीनाशे सपत्न्योर्मिथो
दिग्घस्रोन्मितमौरसात्मजमृतौ ताताऽम्बयोः स्यात् त्र्यहम्॥१॥

देशान्तरमा मरेका भए पनी वर्षदिन नाघीशकेको भये पनी स्त्री-पुरुष-बाबू-आमाको जुठो १० दिन पूरापूर लाग्दछ, सौतिनी आमाको अतिक्रान्त भएको भए ३ दिन लाग्छ । सौता हरू को परस्परमा १०।१० दिन लाग्दछ, छोरो मरेमा आमा-बाबू-लाइ अतिक्रान्त आशौच ३ दिन लाग्छ ॥ १ ॥

ऊढाया दिगहोत्तरं पितृमृतौ पुत्र्याः सदा पक्षिणी
दिग्घस्रात परमन्यदेशगसपिण्डाऽसुप्रणाशे भवेत् ।

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राक् पञ्चत्रितयात् त्र्यहं सुविदिते, मासत्रयात् पक्षिणी,
षण्मासात् कुदिनं, च वत्सरमितेः सज्योतिरब्दोत्तरम् ॥२॥

विवाह गरेकी छोरीले १० दिनपछि सुनी भने बाबू-आमाको १॥ दिन जुठो बार्नु पर्छ, अतिक्रान्त होस् वा देशान्तरमा गएर मरेको होस् वा आफु देशान्तरमा होस् दशाहाभाइको ४५ दिनभित्र भए ३ दिन, ३ महिना भित्र भए १॥, छमहिनाभित्र भए १ दिन, वर्षभित्र भए दिनमा सूर्य छउन्ज्याल्, रातमा भए सूर्य नउदाउन्ज्याल जुठो लाग्छ, वर्षदिन विते पछि स्नानले शुद्ध हुन्छ, जुठो बार्नु पर्दैन ॥ २ ॥

स्नानं स्यादिह मज्जनं निगदितं कैश्चित्त्वथो विट्पतौ
नष्टे मज्जनमेकरात्रमथवा स्याच्छ्रुतत्कान्तयोः ।
स्यालेऽहस्तु तदात्मजेऽभिषवणं स्वस्रोर्मिथो भ्रातृसो-
दर्योश्च त्रिनिशं परस्परगृहे, गेहान्तरे पक्षिणी ॥ ३ ॥

वर्ष दिन पछि सुनेको भए स्नान गरे हुन्छ कसैले भनेका छन् । यो सबै अतिक्रान्त आशौचको कुरा हो । ज्वाइ शाशु-शाशुरा-मरेमा स्नानले शुद्ध हुन्छ । अथवा १ दिन लाग्छ भनी कसैले भनेका छन् । शालो, जेठान, मरेमा १ दिन, भदाहा मरेमा स्नान, सहोदर दाज्यू-वैनि-दिदि-भाईको उसको घरमा उ मरेमा ३ दिन, अलग २ घरमा मरेमा परस्परमा १॥ दिन जुठो लाग्छ ।

एकाहस्तु विवाहिताजनकसोदर्यादिकन्यामृतौ
श्वश्रूतत्पतिनाशने त्रिदिवसं पक्षिण्यहोऽङ्कादिषु ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वाऽऽशौचसमापनोर्ध्वमपरं पूर्वाघकं चेच्छुतं
कर्तव्यं तदपि त्र्यहादिमृतकेऽतीते भवेत् स्नानकम् ॥ ४ ॥

विवाह भएकी सहोदर फुपुकी छोरी मरेमा १ दिन, शाश शशुरा नजिकमा मरेमा ३ दिन, टाडा मरेमा १२ प्रहर, गाउँ भिन्न भए १ दिन जुठो लाग्दछ ।

पहिले सुनेको जुठो सूतक सकिए पछी आकै परिआयो भने पूरापूर ज-जसको जति लेखिएको छ उति दिन वार्नु पर्छ । ३ दिने जुठो ३ दिन विते पछी सुने विहा गरेकी छोरीले वावू-आमा वाहेक अरुको जुठो वार्नु पर्दैन, स्नानमात्र गरे हुन्छ । आदिशब्दले डेड वा १ दिन लाग्ने जुठो अतिक्रान्त भए पछी स्नानले शुद्ध हुन्छ ॥ ४ ॥

अस्थ्नां दाहे पलाशप्रतिकृतिदहने वाऽहिताग्नेः सपिण्डा
दिग्धस्राद्याशुभार्हाः स्युरथ तदितरस्यास्थिदाहादिके वै ।
पूर्वालब्धाघयोर्दिग्दिनमघमुदितं पुत्रपत्न्योर्गृहीताऽ
शौचत्वे त्वेतयोः स्यात् पुनरपि शवसंस्कारकाले त्रिरात्रम्॥५॥

अग्नि-होतृको सिङ्गो शरीर नपाएर केही हाडहरु पाएर दाहा गरेमा, वा पुतलाको दाहा गरेमा पहिले आशौच नवा-रेका वावू-आमाको र स्त्रीले पतिको १० दिन पूरा जुठो वार्नु पर्छ, पहिले जुठो वारेका स्त्री र छोराले पछि शरीर पाएर दा-हा गरेमा ता फेरी ३ दिन जुठो वार्नु पर्छ ॥ ५ ॥

पत्युर्जायान्त्यकार्ये स्मृतवदपि सपत्न्योर्मिथो ज्ञातिकानां
प्रागप्राप्ताऽशुभानां त्र्यहमुदितमसिद्धाऽग्निसंस्कारकाले ।

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेषां लब्धाऽशुभानां शवदहनविधौ स्नानमेतद्दशाहा-
दूर्ध्वं कृत्ये त्र्यहाद्यं भवति दिगहमध्ये तु शेषेण शुद्धिः ॥६॥

पर्ण-शर गर्दा स्त्रीको दाहा गरेमा पतिले ३ दिन जुठो वार्नु, सौताको पनी यही प्रकार हो, पहिले जुठो नवारेका दशाहा भाइले अग्नि-होत्र नभएकाको दाहाको समयमा ३ दिन जुठो वार्नु पर्छ, पहिले जुठो वारेका भए ता दाहाका समयमा स्नानले शुद्ध हुन्छ, यो कुरो १० दिन पछिको हो ।

१० दिन भित्रमा दाहा गरे ता १० दिन लाई जति दिन बाकी रहन्छ उति दिन जुठो वार्नु पर्छ ॥ ६ ॥

रात्रौ भागद्वये प्राग्दिनमपरलवे तूत्तरं सूतकर्त्वा-
शौचाद्येऽथैकगोत्रोद्भवजनिमरणाऽतिक्रमाशौचकानि ।
दम्पत्योः स्युर्द्वयोर्मातुलभगिनिसुखाऽऽशौचकान्येकतः स्यु-
र्विप्राद्यैर्शौजनैः खाग्निभिरपि खरसैर्योजनैः स्याद्विदेशः॥७॥

कोही मरेमा वा जन्मेमा वा नछुने भएमा रातमा पन्यो भने रातको ३ भाग लगाएर पहिलो २ भाग पहिला दिनतिर लगाउनू, अर्थात् पहिले दिनको हिसाव गर्नू, पछिल्लो भागमा भए भोलिपल्टको हिसाव गर्नू, अर्थात् ३० घडिको रात भए २० घडी संमको पहिलेको, बाकीको भोलीपल्टको हिसाव हुन्छ ।

विवाहमा पनी २० घडी रातभित्रमा भए ननुहाएर, २० घडि गइ सकेको भए नुहाएर कन्यादान गर्नू, नुहाएर गर्नु पर्दा अघिल्ला दिन वरणी गरे पछि खानु हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यौटै गोत्रमा भएको सूतक जुठो अतिक्रान्त जुठोहरू पतिलाई जसको जति लाग्छ उती उसकी स्त्रीलाई लाग्छ ।

मामा-माइज्यू-दिदि-बहिनी सानीमा-ठुलीमा-मावली पट्टिका बूढाबाबू आमा-फुपूहरू जजसका हुन् उसैलाई मात्र जुठो लाग्दछ ।

ब्राह्मणको ८० कोश, क्षत्रियका ९६ कोश, वैश्यको र असल जातका शूद्रको १२० कोश, तल्लो जातका शूद्रको २४० कोश देखि टाडा देशान्तर हुन्छ । देशान्तर र नजिकमा हुनेको जुठो र सूतकमा फरक पर्छ ॥ ७ ॥

परन्तु रजका विषयमा यो सम्प्रदाय हाम्रो छैन । सूर्य उदय नहुन्ज्याल सम्म अघिल्लै दिनको हिसाब लगाउँछन्, तर शास्त्रमा फरकपर्न जाने हुनाले शास्त्रवमोजींगर्नु वेस हुन्छ ।

ऊढायाः कन्यकाया जनिकरभवने सूतिमृत्योस्त्रिरात्रं
पित्रोः पितृव्यकादेर्दिनमपरगृहे तन्मृतौ स्याच्च पित्रोः ।
आशौचं नेतरेषामथ परकुलजे दत्तके नष्टचेष्टे
मात्रोः पित्रोस्त्र्यहं स्यादितरकुलभुवामेकरात्रं भवेच्च ॥ ८ ॥

विवाह गरेकी छोरी बाबूका घरमा मरी वा सूतकेरी भई भने आमा-बाबूलाई ३ दिन जुठो, र सूतक लाग्दछ, जेठा काँछा बाबू र दाज्यूभाइहरुलाई १ दिन सूतक लाग्दछ । जुठो ता दाज्यूभाई लाई ३ दिन लाग्दछ ।

पतिको घर र बाबूको घरबाहेक अन्त मरेमा बाबू आमालाई ३ दिन, अरु सहोदर दाज्यूभाइलाई डेढ दिन, काँछा बाबू हरूलाई केहि पनि लाग्दैन, पतिका घरमा प्रसूति भएकी भए सूतक कसै लाई पनी लाग्दैन । मरेमा माथिको हिसाबको जुठो लाग्छद । अर्को गोत्रको वा ७ पुस्तादेखि माथिको धर्मपुत्र मख्यो

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने दुवैतिरका आमाबाबूलाइ ३ दिन, अरुलाई १ दिन जुठो लाग्दछ, धर्मपुत्र जन्मेको कुललाई जुठो सूतक केही लाग्दैन ॥ ८ ॥

कुर्यान्मात्रोश्च पित्रोस्त्रिनिशमकुलजो दत्तकाशौचमेभ्योऽ
न्यस्मिन् पूर्वे सपिण्डे मृतवति न भवेदुत्तरे चैकरात्रम् ।
तत्सन्तत्याश्च पूर्वे जनकपितृकुले नाशुचित्वं परस्मिन्
तातज्ञातौ दिनं स्यादथ कुलजसमं दत्तके स्यात्सपिण्डे ॥९॥

आफ्ना कुलमा न जन्मेको वा दशाहादेखि परको धर्मपुत्र भए दुवैतिरका आमाबाबूको ३ दिन जूठो वानुपर्छ ।

यी आमाबाबू भन्दा पाँचौ अर्कापट्टिको दशाहा भाइ मरयो भने धर्मपुत्रलाई जुठो सूतक केही लाग्दैन, छोडेका बाबू का दशाहा मरे भने १ दिन जुठो लाग्छ, उतापट्टिका दशाहा-लाई पनी यसको १ दिन जुठो लाग्छ ।

पहिलेका बाबूका कुलमा त्यसधर्मपुत्रका सन्तानको जुठो सूतक केहि लाग्दैन, उनलाई पनी लाग्दैन, धर्मपुत्र भएको कुललाई ता धर्मपुत्रका सन्तानको १ दिन लाग्छ, दशाहा-मध्येको भए दुवैतिर पूरापूर १० दिन लाग्छ ॥ ९ ॥

स्नानार्द्विशदिनोर्द्ध्वमार्तवदृशिः प्रायस्तु तस्या रजो-
दृष्टौ स्नानमगेन्द्वहावधि परेऽहोऽतो द्व्यहं, स्यात् त्र्यहम् ।
विंशाहात्तु, सदा रजो नखदिनात् प्राक् स्यादशाहावधि
स्नानं, रुद्रदिने दिनं, द्व्यहमिनाऽहे, स्यात्त्रिरात्रं ततः ॥१०॥

रजस्वला नुहाएका २० दिनपछि फेरी नछुने भएमा धेरै दिन संम रजदेखिने स्वभाव छ भने १७ दिनसम्ममा देखिए-मा नुहाये शुद्ध हुन्छे, अठारौं दिनमा १ दिन १ रात, उन्नैसौं

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिनमा २ दिन २ रात, विसौं दिनदेखि अघिपछिको जस्तो ३ दिन सरासर वार्नुपर्छ,

जसको २० दिनभित्रैमा सँधै नछुने हुने हुन्छ, त्यो १० दिनसम्ममा नुहाए शुद्ध हुन्छे, ११ दिनमा १ दिन, १२ दिनमा २ दिन, १३ दिनदेखि अघिपछिको जस्तो पूरा ३ दिन ३ रात-वार्नु पर्छ, यसमा नछुने भएको दिनदेखि गिन्तीगर्नु पर्छ, नुहाएका दिनदेखिहोइन.

१७०६ शाके मा प्लवङ्गनामको संवत्सरमा श्रावण महिना शुक्ल पक्ष मंगलवार अष्टमीतिथिमा ब्राह्मणको आशीर्वादले यो ग्रन्थ समाप्तभयो,।धूपकरथर भएका ज्योतिषी गणेशका छोरा कृष्णले बनाएको दशश्लोकी समाप्तभयो ।

१९७३ साल मार्ग ५ गते रोज १ का दिन यसग्रन्थको भाषा बनाएर सिद्धभयो.

सारांश ।

जुठो र सूतकको विषयमा दिनशब्द रातको, रात्रिशब्द दिनको समेत बोधक हुनाले अहोरात्रलिनुपर्छ ।

---

१२ दिने जुठो

बाबु, आमा, पति, भार्या र ३ पुस्ता भित्रका भाई अर्थात् सपिण्डी जोरिने सम्मका दाज्यु, भाइ, काका भतिजाहरू.(१०)

---

१० दिने

सपिण्डी नजोरिने, दुवैतिर ७-७ पुस्ता ननाघेका भाइ भतिजाहरू,

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३ दिने

बाबु, आमा, पति, स्त्रीबाहेक (यिनको सधै १० दिन कम नहुने हुनाले) अरू जम्मै १० दिने जुठो १० दिन नाघेर ३ महिना ननाघे संमको,

मामा (१॥) माइज्यू (१॥) सहोदर दिदी, बहिनी, (१॥) यिनलाई सहोदर दाज्यु भाइको (१॥) ।

सहोदर फुपु र सानीमा, ठुलीमा र यिनका कर्म चलेका छोराको (१॥)

कर्म नचलेको आफ्नो छोरो, विवाह भएकी भए पनी नभएकी भए पनी छोरीको,

विबाहिता छोरीलाई आमा, बाबुको,

शाश्व (१॥) शशुरा (१॥) आमाका बाबु आमा (१॥ को)

दुवै तिर ७पुस्ता नाघेका १४पुस्ता न नाघेका दाज्यु भाइ र मन्त्र सुनाउने गुरुको.

व्रतबन्ध भएको छोरीको छोरो, (१॥) भानिज, (१॥) ७पुस्ता भित्रका आफ्ना लगायत ठिमाहा जैसी, खतृ, ल्याइता आफ्नी स्त्री, सौत्यानी आमा, कांछी–जेठी आमा, भाउज्यू, बुहारीहरूको.

ल्याइता सौता, विवाह गरेकी सइे सौताको १०दिन नाघेको र १०दिन नाघेको सइे सौत्यानी आमा र दाज्यु–भाइ भतिजाहरूको.

गद्दीका राजा रानीहरूको (१॥).

यज्ञगर्ने ऋत्विक्, यजमान, पोइलगएकी स्त्री २–३ जति २ सित पोइल गएका छन्, तिनीहरूको र सइे पट्टिका समेत को परस्परमा.

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोरी दिएको जुवाइ, विधिपूर्वक धर्मपुत्र भएकोले भिन्न गोत्रका आफ्ना बाबु-आमा को,

अर्कालाई विधिसित धर्मपुत्र दिएकाले धर्मपुत्र दिएका छोराको.

वाग्दान भएको विवाह नभएकीको माइति र घर तिर, व्रतबन्ध गराएर वेदपढ़ाएका गुरुको र श्रोत्रियको.

१॥ दिने (१२ प्रहर)

कौमुदी काव्यहरू पढ़ाएका गुरुको र एकैपाठ पढेका साथिको परस्परमा.

३महिना नाघेको ६महिना पूरा नभएको १०दिने जुठो.

वेदपढाएको चेलाको र मीत, व्रतबन्ध नभएको भानिज र छोरीका छोराको.

आफ्ना फुपु-सानीमा-ठुलीमा-मामाका छोरा र बाबु र आमाका फुपु-सानीमा-ठुलीमा-मामाका छोराको. (३)

---

१ दिने

आफ्ना मामा-फुपुकी विवाह गरेकी छोरी र विवाह नगरेकी छोरीको.

जेठान, शाला, बहिनेज्वाइ, भिनाज्यु, जेठीसासु, गुरुआमा, गुरुपुत्र, पुरोहितको, सम्पूर्ण ६ अङ्ग सहित वेद पढेको वैदिक, र वेद पढे पढाएका गुरु (३) चेलाको परस्परमा.

गायत्री सुनाएको र शास्त्र पढाएका चेलाको.

कर्म नचलेका आफ्ना छोरा छोरीको ३ दिन पछि सुनेको.

नामकर्म भएपछि मरेका बालकको घर वाहेक १० दिने

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाइलाई र ६ महिना पछि ९ महिना भित्रको १० दिने जुठेा.

स्वास्नी मानिसलाई दिदी, बहिनी, फुपू, सानीमा, ठुलीमा–मामा, माइज्यू, जेठा, कांछा बाबु र भदाहाहरूको.,

एउटैले व्रतबन्ध गराएर मन्त्र सुनाएका गुरुभाइको परस्परमा.

लडाञ्जीमा चोट परी अन्त गई मरेका १० दिने दाज्यु भाइको.

---

*सज्योति.

भिन्न गोत्रको गाउँको मुखिया, द्वारेहरू र मलाम जानेहरूको.

स्नानशुद्ध.

१ दिने जुठो दोस्रा दिनलाई,

गर्भ रहेको ३ महिना उपर ६ महिना भित्रको गर्भ तुहेमा बाबु लगायत १० दिने दाज्यु–भाइलाई,

नामकर्म भएपछि व्रतबन्ध नहुन्ज्याल मरेकाको ३ दिन पछि सुनेका दशाहा दाज्यु भाइलाई,

९ महिना पछि सुनेको १० दिने जुठो १० दिने लाई,

जेठा कांछा बाबुकी छोरी र आफ्ना भतिजीहरूको,

सानीमा, ठुलीमा, मामा–फुपूका छोरी र जेठान शालाका छोराको,

वानप्रस्थ जाने र संन्यास लिने, ब्रह्मचारी बनेको र नपुंसकको र लडाञ्जीमा संमुखमा मर्नेको,

---

*रातमा भए रात भर दिनमा भए दिन भर.

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

gannath Bhattarai Collection. Nagarjun, Kathmandu, N

CC-0. Digitized by eGangotri and MIDF- Delhi

annath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

This PDF you are browsing is in a series of several scanned documents containing the personal colleciton of Jagannath Bhattarai ji from Kathmandu, Nepal.

CV:

Jagannath Bhattarai
Date of Birth: 31 December 1960
Place of Birth: Kathmandu, Nepal
Address: Nagarjun (Ramkot), Kathmandu

Educational Qualifications
Bachelor of Science (B.Sc.) – Major in Biology
Master's Degree – Sociology & Anthropology
Shastri (Ongoing) – Balmiki Vidyapeeth

Professional Experience
Government School Teacher (Madhyamik Pratham Shreni)
Taught at Secondary Level (Madhyamik)
Taught at Higher Secondary Level (Uchcha Madhyamik)
Served as Head Teacher
Led academic and administrative development
Strengthened institutional performance and student outcomes

Areas of Interest
Sanskrit Vyakaran
Spiritual & Philosophical Studies
Educational Leadership

Digitization by eGangotri
Trust
Funding by MIDF, New Delhi